"सबैका लागि खेलकुद"

# मदन भण्डारी कप अन्तर्राष्ट्रिय आमन्त्रित रनिङ्ग शिल्ड पुरुष भलिबल प्रतियोगिता-२०८३

2010

MADAN BHANDARI SPORTS ACADEMY

**प्रस्तावना पेश गर्ने संस्था**

## मदन भण्डारी स्पोर्टस एकेडेमी

केन्द्रीय कार्यसमिति, काठमाण्डौ

# मदन भण्डारी स्पोर्टस् एकेडेमी

## केन्द्रीय कार्यालय काठमाण्डौं





**ध्रुब आचार्य**

**अध्यक्ष**

## केन्द्रिय कमिटी

उदय कुमार अर्याल
केन्द्रिय कमिटी सचिवालय सदस्य
**संयोजक**
कोशि प्रदेश



रविन्द्र राज भण्डारी
केन्द्रिय कमिटी सचिवालय सदस्य
**अध्यक्ष**
मधेश प्रदेश



राम बहादुर केसी
केन्द्रिय कमिटी सचिवालय सदस्य
**अध्यक्ष**
बाग्मती प्रदेश



बुद्धि बस्याल
केन्द्रिय कमिटी सचिवालय सदस्य
**संयोजक**
लुम्बिनी प्रदेश



गिरमानु गरुङ्ग
केन्द्रिय कमिटी सचिवालय सदस्य
**अध्यक्ष**
गण्डकी प्रदेश



गोपाल बहादुर शाही
केन्द्रिय कमिटी सचिवालय सदस्य
**अध्यक्ष**
कर्णाली प्रदेश



ज्ञान बहादुर डंगौरा
केन्द्रिय कमिटी सचिवालय सदस्य
**संयोजक**
सुदुरपश्चिम प्रदेश





**विनोद आचार्य**
केन्द्रिय कमिटी सचिवालय सदस्य
**कार्यालय सचिव**
केन्द्रिय कार्यालय काठमाण्डौं

Regd. No.: 359

"Sports for all"

मदन भण्डारी स्पोर्टस् एकेडेमी

Madan Bhandari Sports Academy

Kathmandu-29, Email: mbsportsacademy2010@gmail.com

पत्र च.न : ८३/८४ /२६

श्री ज्यू

मिति : २०८३।०४।१८

**विषय : "मदन भण्डारी कप अन्तर्राष्ट्रिय आमन्त्रित रनिङ्ग शिल्ड पुरुष भलिबल प्रतियोगिता-२०८३** को लागि आवश्यक बजेट व्यवस्थापन तथा प्रायोजन सम्बन्धमा ।

"सबैका लागि खेलकुद" भन्ने मूल नाराका साथ स्थापित मदन भण्डारी स्पोर्टस एकेडेमीले खेलकुदका माध्ययमबाट समृद्धि हासिल गर्ने लक्ष्यका साथ निरन्तर बहुआयामिक गतिबिधिहरु गर्दै आएको छ । समाजका हरेक क्षेत्रलाई खेलकुदसंग जोड्दै समृद्धि चुम्ने अभियान अन्तरगत अहिलेसम्म अनेक ऐतिहासिक कार्यक्रमहरु सम्पन्न भइसकेको अवगत नै छ ।

यसै क्रममा मदन भण्डारी स्पोर्ट्स एकेडेमीको वार्षिक कार्यक्रमअनुसार यही २०८३ साल असोज १२ गतेदेखि १७ गतेसम्म लुम्बिनी प्रदेशको बुटवलमा मदन भण्डारी कप अन्तर्राष्ट्रिय आमन्त्रित रनिङ्ग शिल्ड पुरुष भलिबल प्रतियोगिता-२०८३ आयोजना गर्न लागिएको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरूको सहभागितामा सञ्चालन हुने यस प्रतियोगिताले नेपाली भलिबलको विकास, प्रतिभाशाली खेलाडीको पहिचान तथा प्रवर्द्धन, युवाहरूमा खेलकुदप्रतिको आकर्षण अभिवृद्धि, स्वस्थ र अनुशासित समाज निर्माण र खेल पर्यटनको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएका छौ ।

यस्तो महत्वपूर्ण अन्तराष्ट्रियस्तरको खेलकुद कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न आर्थिक स्रोत तथा प्रायोजनको आवश्यकता रहेको हुादा खेलकुदको विकास र सामाजिक उत्तरदायित्वको यस अभियानमा यहाको महत्वपूर्ण सहभागिता रहने विश्वासका साथ तपाईंको प्रतिष्ठित संस्था । कम्पनी तथा कार्यालयबाट यस प्रतियोगिताका लागि आर्थिक सहयोग । मुख्य प्रायोजन, सह-प्रायोजनका लागि हार्दिक अनुरोध गर्दछौ ।

यहााको सकारात्मक सहयोग र सहकार्यको अपेक्षासहित धन्यवाद ज्ञापन गर्दछौं ।

ध्रुव आचार्य
अध्यक्ष
मदन भण्डारी स्पोर्टस
एकेडेमी

# मदन भण्डारी कप अन्तराष्ट्रिय आमन्त्रित रनिङ्गशिल्ड पुरुष भलिबल प्रतियोगिता–२०८३

## मुल आयोजक समिति

**संयोजक**
**ध्रुब आचार्य**

केन्द्रिय कमिटीका सम्पूर्ण पदाधिकारी र सदस्यहरु एंवम् प्रदेश कमिटीका पदाधिकारीहरु र केन्द्रिय विभागका सदस्यहरु यस मूल आयोजक कमिटीमा रहने छन् ।

## विशेष कार्यदल

- मोहन रेग्मि (वरिष्ठ उपाध्यक्ष केन्द्रिय कमिटी)
- तेज विक्रम बस्नेत (उपाध्यक्ष केन्द्रिय कमिटी)
- जितेद्र श्रेष्ठ (उपाध्यक्ष केन्द्रिय कमिटी)
- महेन्द्र राई (उपाध्यक्ष केन्द्रिय कमिटी)
- तुल्सी मैनाली (उपाध्यक्ष केन्द्रिय कमिटी)
- गणेश सिंह ठगुन्ना (उपाध्यक्ष केन्द्रिय कमिटी)
- राजेश गुरुङ्ग (उपाध्यक्ष केन्द्रिय कमिटी)
- शसी कुमार शर्मा (उपाध्यक्ष केन्द्रिय कमिटी)
- मदन उप्रेती (महासचिव केन्द्रिय कमिटी)
- चन्द्रा बदना राई (उपमहासचिव केन्द्रिय कमिटी)
- मन्दिरा श्रेष्ठ (सचिव केन्द्रिय कमिटी)
- अन्जना शिवाकोटी (सचिव केन्द्रिय कमिटी)
- रविन्द्र राज भण्डारी (अध्यक्ष मधेश प्रदेश)
- गिरमान गुरुङ्ग (अध्यक्ष गण्डकी प्रदेश)
- गोपाल बहादुर शाही (अध्यक्ष कर्णाली प्रदेश)
- ज्ञान बहादुर डंगौरा (संयोजक सुदुरपश्चिम प्रदेश)

## सदस्य सचिव

- विनोद आचार्य (सचिवालय सदस्य केन्द्रिय कमिटी)

## उप समिती

**प्रचार प्रसार समिति**
संयोजक
मोहन रेग्मि ९८५६०५४४४४
सहसंयोजक
प्रदिप लेखि ९८५१०७९८००

**आर्थिक व्यवस्थापन समिति**
संयोजक
देव बहादुर कुँवर ९८५७६०५८७४९
सहसंयोजक
कमल ढकाल ९८५७०६५६०८

**सांस्कृतिक समिति**
संयोजक
राम बहादुर केसी ९८५१००७२२६
सहसंयोजक
नन्द बहादुर काउचा ९८५७०७४५३९

**स्वास्थ्य समिति**
संयोजक
डा. शक्ति बस्नेत ९८५१०८९११२
सहसंयोजक
डा. प्रकाश पौड्याल ९८५१०७२३७६

**अतिथि सत्कार समिति**
संयोजक
देवी वाग्ले ९८५१११८५६३
सहसंयोजक
निलम बज्राचार्य ९८४१४४२२७४

**आवास खाद्य तथा यातायात व्यवस्थापन समिति**
संयोजक
उदय कुमार अर्याल ९८४२०२१४६८
सहसंयोजक
उत्तम आचार्य ९८५७०२५०६९

**खेल मैदान तथा मञ्च व्यवस्थापन समिति**
संयोजक
बुद्धी बस्याल ९८५७०४९३७०
सहसंयोजक
अन्त प्रसाद श्रेष्ठ ९८५७०६२३३५

**सुरक्षा तथा स्वयम्सेवक परिचालन समिति**
संयोजक
उत्तम आचार्य ९८५७०२५०६९
सहसंयोजक
राज कमार लिगल ९८४७०२६५२०
रोशन बुढा ९८४७११९४१३

**टिकट तथा परिचय पत्र व्यवस्थापन समिति**
संयोजक
झक बहादुर मिदुन ९८४१३१६१६२
सहसंयोजक
हरि प्रसाद पाण्डे ९८५७०३५५३८

# विस्तृत परियोजना

## १. संस्थागत जानकारी

| | |
|---|---|
| योजनाको नाम | **मदन भण्डारी कप अन्तर्राष्ट्रिय आमन्त्रित रनिङ्ग शिल्ड पुरुष भलिबल प्रतियोगिता-२०८३** |
| आवेदक संस्थाको नाम | मदन भण्डारी स्पोर्टस् एकेडेमी |
| आवेदक संस्थाको ठेगाना | काठमाण्डौ महानगरपालिका वडा नं.२९ |
| संस्थाको किसिम | खेलकुद क्षेत्रको लागि स्थापित सामाजिक संस्था |
| सम्पर्क इमेल | mbsasportsacademy2010@gmail.com |
| दर्ता मिति | २०६३ साल मंसिर ८ |
| दर्ता नं. | ३५९,काठमाण्डौ जिल्ला,७१३ काठमाण्डौ महानगरपालिका |
| कर दर्ता नं. | ६०५४६६५५१ |
| बैक खाता नं. | ००१०१००००००६५४९००११३ प्राईम कमर्सियल बैंक लि |
| खेल प्रतियोगिता संचालन हुने स्थान : | बुटवल,रुपन्देही |
| संचालन गरिने कार्यक्रम तथा प्रतियोगिताका विधा | पुरुष भलिवल |
| कार्यक्रम संचालन हुने मिति | भलिवल :२०८३ अशोज १२ गते देखि १७ गतेसम्म |
| कूल लागत | रु १,३९,३४,२००/– |
| लगानीको श्रोत | ➢ राष्ट्रिय खेलकुद परिषद<br>➢ प्रदेश खेलकुद परिषद :<br>➢ स्थानीय निकाय :<br>➢ विभिन्न संघ संस्था<br>➢ कर्पोरेट विज्ञापन :<br>➢ अन्य शुभेच्छुक :<br>➢ मदन भण्डारी स्पोर्टस एकेडेमी |
| जिम्मेवार पदाधिकारीको नाम र सम्पर्क नं. | अध्यक्ष : ध्रुव आचार्य (९८२६४९००११) |

## २.प्रस्तावना :

नेपालमा खेलकुद क्षेत्रले पछिल्ला वर्षहरूमा उल्लेखनीय विकासको सम्भावना बोकेको भए पनि गुणस्तरीय पूर्वाधार, नियमित प्रतियोगिता, दक्ष जनशक्ति तथा पर्याप्त लगानीको अभावका कारण अपेक्षित उपलब्धि हासिल गर्न सकेको छैन। खेलकुदलाई केवल प्रतिस्पर्धाको माध्यम मात्र नभई राष्ट्रिय गौरव, सामाजिक एकता, युवा सशक्तीकरण, स्वस्थ जीवनशैली तथा आर्थिक विकाससँग जोडिएको महत्वपूर्ण क्षेत्रका रूपमा स्थापित गर्न आवश्यक छ।

यही आवश्यकतालाई आत्मसात गर्दै मदन भण्डारी स्पोर्ट्स एकेडेमी स्थापना कालदेखि नै सबैका लागि खेलकुद भन्ने मूल नाराका साथ खेलकुदको विकास, खेल प्रतिभाको पहिचान तथा युवाहरूको क्षमता अभिवृद्धिका लागि निरन्तर क्रियाशील रहेको छ। एकेडेमीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेल प्रतियोगिता, प्रशिक्षण कार्यक्रम तथा खेलकुद प्रवर्द्धन सम्बन्धी विविध कार्यक्रम सञ्चालन गर्दै आएको छ।

यसै वार्षिक कार्यक्रमअन्तर्गत मदन भण्डारी कप अन्तर्राष्ट्रिय आमन्त्रित रनिङ्ग शिल्ड पुरुष भलिबल प्रतियोगिता-२०८३ लुम्बिनी प्रदेशको बुटवलमा आयोजना गर्ने योजना रहेको छ । प्रतियोगितामा नेपाल भारत, चीन ,पाकिस्तान ,श्रीलङ्का र माल्दिभका उत्कृष्ट टोलीहरूको सहभागिता रहने अपेक्षा गरिएको छ। यस कार्यक्रमले नेपाली खेलाडीहरूलाई अन्तर्राष्ट्रिय स्तरको प्रतिस्पर्धात्मक अनुभव प्रदान गर्नुका साथै दुई देशबीच खेलकुदमैत्री सम्बन्धलाई थप सुदृढ बनाउन योगदान पुऱ्याउने विश्वास गरिएको छ।

यस प्रतियोगिताको माध्यमबाट भलिबल खेलको विकास, नयाँ खेल प्रतिभाको पहिचान, खेलाडी तथा प्रशिक्षकहरूको क्षमता अभिवृद्धि, खेल पर्यटनको प्रवर्द्धन तथा युवाहरूमा अनुशासन, नेतृत्व र सकारात्मक सोचको विकास गर्ने लक्ष्य राखिएको छ। साथै स्थानीय स्तरमा आर्थिक गतिविधि वृद्धि, खेलप्रति जनचासो विस्तार तथा राष्ट्रिय खेलकुदको विकासमा दीर्घकालीन योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

यस प्रस्तावमार्फत प्रतियोगिता सफलतापूर्वक सञ्चालन गर्न आवश्यक आर्थिक, प्राविधिक तथा संस्थागत सहयोगका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, राष्ट्रिय खेलकुद परिषद्, निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था, उद्योग-व्यवसायी तथा अन्य सहयोगी निकायहरूसँग सहकार्यको अपेक्षा गरिएको छ। प्रतियोगिताको सफल आयोजनाले नेपालको भलिबल खेलको विकाससँगै अन्तर्राष्ट्रिय खेल सहकार्यलाई समेत नयाँ उचाइमा पुऱ्याउने विश्वास लिइएको छ।

## ३.संस्थाको परिचयः

विश्वका विकसित मुलुकहरुको तुलनामा नेपाल विकासको गतिमा भर्खरै अघि बढि रहेको मुलुक भएकोले विकसित मुलुकहरुको खेल जगत सँग तुलना गर्दा नेपालको खेल जगत धेरै पछाडि रहेको यथार्थलाई मनन गर्दै नेपालको खेलकुद जगतलाई समेत विश्वका विकसित मुलुकहरु सँग प्रतिस्पर्धिको रुपमा पुर्याउन खेलकुद जगतमा स्थापित मुल्य र मान्यता अनुरुपको विकास तथा विस्तार गर्दै खेलकुदलाई समय सापेक्षित ढंगले यसको प्रशासनिक एंव सांगठनिक ढाँचामा व्यापक परिवर्तन गरी आधुनिकीकरण र वैज्ञानिकीकरण गर्नु जरुरी छ । सरकारी, गैरसरकारी, सार्वजनिक एवम् निजी खेलकुद संस्था बीच उच्च समन्वय कायम गर्दै सहकार्य एवं साझेदारीलाई प्रश्रय दिदै खेलकुद परियोजनाहरुलाई स्थानीय तहदेखि राष्ट्रिय तहसम्म सञ्चालन गर्न स्पष्ट खेलकुद निति र परिलक्षित उद्देश्य हासिल गर्न आवश्यक कार्यक्रमको कार्यान्वयन प्रतिको पूर्ण प्रतिबद्धता आवश्यक छ । मुलुकको समृद्धि चाहने हो भने यस देशको सर्वाङ्गीण विकास अपरिहार्य छ भन्ने जननेता मदन भण्डारीको विचारलाई आत्मसात् गर्दै “सबैका लागि खेलकूद” भन्ने नाराका साथ खेलकुदलाई स्पष्ट दिशाबोध गर्ने उद्देश्यले मदन भण्डारी फाउण्डेशन अन्तर्गत रहने गरी गैर

नाफामुखी, दलगत राजनैतीक निस्पक्ष, सामाजिक संस्थाको विधान संस्था दर्ता ऐन २०३४ को अधिनमा रही मदन भण्डारी स्पोर्टस एकेडेमी (Madan Bhandari Sports Academy) अघि बढेको छ ।
राष्ट्रको समग्र विकासको लागि स्वास्थ्य र रोजगारी अपरिहार्य रहेको बेलामा मदन भण्डारी स्पोर्टस एकेडेमी मार्फत दुवै प्राप्त गरि निरोगी र विकसित नेपाल निर्माण गर्ने उद्देश्यले यस एकेडेमीले खेल र खेलाडीको विकासको लागि विभिन्न कार्यक्रम विगत एक दशक देखि गर्दै आइरहेको छ र यो वर्ष पनि नियमित कार्यक्रमहरु संचालन गरिरहेको छ ।

## ३.१ संस्थाको मुख्य उद्देश्यहरुः

१ खेलकुदका माध्यमबाट देशभक्त, सक्षम, सबल तथा अनुशासित जनशक्ति तयार गरी राष्ट्र निर्माणमा सहयोग पुर्याउन पहल गर्ने ।

२. खेलकुदका माध्यमबाट देशको समय समग्र आर्थिक तथा सामाजिक विकाश तथा रुपान्तरणका लागि योग्य सक्षम र जिम्मेवार जनशक्ति निर्माण गर्न पहल गर्ने ।

३. खेलकुदका माध्यमबाट व्यक्तिलाई अनुशासित, मर्यादित र व्यवस्थित बनाउँदै खेल सस्कृतिको दिगो विकास र विस्तार गरी राज्यलाई सहयोग गर्ने ।

४. खेलकुद शिक्षा र संस्कृतिलाई जीवनको अभिन्न अंग बनाई विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म पाठ्यक्रममा समावेश गर्न पहलकदमी गर्ने, साथै विद्यालयमा हाल लागु गरिएको खेलकुद तथा शारीरिक शिक्षाको पाठ्यक्रमलाई समयसापेक्ष परिमार्जन गरी समयसापेक्ष बनाउन पहल गर्ने ।

५. देशमा खेलकुद विश्वविद्यालय स्थापना गर्न पहल गर्ने र प्रत्येक स्थानिय निकायमा नै खेलसम्बन्धी प्रशिक्षण तथा तालिम केन्द्र स्थापना गर्ने आवश्यक पहल गर्ने ।

६. हरेक शैक्षिक संस्थामा खेलकुदमैत्री वातावरण बनाउँदै विद्यालय, कलेज र विश्वविद्यालयमा खेलकुदका केही विधालाई अनिवार्य विषय गराउन पहल गर्ने, साथै विद्यालय र विश्वविद्यालयमा योग्य खेल शिक्षक वा प्रशिक्षक उपलब्ध गराउन पहल गर्ने ।

७. एकेडेमीको उद्देश्य अनुरुप स्थानीय निकाय देखि केन्द्रिय स्तरसम्म आवश्यक संस्थागत संयन्त्र निर्माण गर्ने र चुस्त दुरुस्त रुपमा सञ्चालन गरी योजनाबद्ध एवम् व्यवस्थित रुपमा खेलकुद विकास र विस्तार गर्न आवश्यक पहल गर्ने ।

८. खेलकुदलाई विद्यालय, उच्च मा.वि. र विश्वविद्यालयस्तरमा खेलकुदक प्रशिक्षणका कार्यक्रम सञ्चालन गर्दै खेलकुद प्रतियोगीता आयोजना गरी खेलकुदको विकास र विस्तारका लागि आवश्यक सहयोग पुर्याउने ।

९. विद्यालयलाई खेलकुदको प्रारम्भिक थलोका रुपमा निर्धारण गरी खेलकुदको विकास र विस्तारमा विशेष जोड दिने ।

१०. खेलकुद क्षेत्रलाई व्यवसायिक तथा खेलकुद संस्कृति बनाउन पहल गर्ने ।

# ४ कार्यक्रमको परिचय

### मदन भण्डारी कप अन्तर्राष्ट्रिय आमन्त्रित रनिङ्ग शिल्ड पुरुष भलिबल प्रतियोगिता-२०८३

नेपालमा भलिबल खेल केवल एक प्रतिस्पर्धात्मक खेल मात्र नभई राष्ट्रिय पहिचान, युवा ऊर्जा, सामाजिक एकता तथा स्वस्थ जीवनशैलीको महत्वपूर्ण आधारका रूपमा स्थापित हुदै आएको छ । पछिल्ला वर्षहरूमा नेपाली भलिबलले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उल्लेखनीय सफलता हासिल गरेको छ। तथापि, गुणस्तरीय अन्तर्राष्ट्रिय प्रतियोगिताको अभाव, खेल पूर्वाधारको सीमितता तथा निजी क्षेत्रको अपेक्षित लगानी नहादा खेलाडीहरूलाई उच्चस्तरीय प्रतिस्पर्धात्मक अनुभव प्राप्त गर्ने अवसर अझै सीमित रहेको छ

। यस यथार्थलाई मध्यनजर गर्दै मदन भण्डारी स्पोर्ट्स एकेडेमी ले मदन भण्डारी कप अन्तर्राष्ट्रिय आमन्त्रित रनिङ्ग शिल्ड पुरुष भलिबल प्रतियोगिता-२०८३ आयोजना गर्न लागेको हो ।

यो प्रतियोगिता नेपाल,भारत र अन्य देश विचको ऐतिहासिक मित्रता, आपसी विश्वास तथा खेलकुद सहकार्यलाई थप मजबुत बनाउने उद्देश्यले आयोजना गरिने एक प्रतिष्ठित अन्तर्राष्ट्रिय खेल महोत्सव हो । प्रतियोगितामा नेपाल ,भारत,चिन ,पाकिस्तान र अन्य देशका उत्कृष्ट पुरुष भलिबल टोलीहरूबीच उच्चस्तरीय प्रतिस्पर्धा हुनेछ, जसले खेलाडीहरूलाई आफ्नो क्षमता प्रदर्शन गर्ने, अन्तर्राष्ट्रिय अनुभव हासिल गर्ने तथा दुवै देशका प्रशिक्षक, प्राविधिक र खेल व्यवस्थापकहरूबीच ज्ञान र अनुभव आदान-प्रदान गर्ने महत्वपूर्ण अवसर प्रदान गर्नेछ ।

प्रतियोगिताको अर्को महत्वपूर्ण उद्देश्य नेपाली युवामा खेलकुदप्रति सकारात्मक सोच विकास गर्नु, नयाा प्रतिभाको पहिचान तथा प्रवर्द्धन गर्नु, अनुशासन, नेतृत्व, टीम भावना र स्वस्थ जीवनशैलीलाई प्रोत्साहन गर्नु हो । खेलकुदलाई सामाजिक रूपान्तरणको प्रभावकारी माध्यमका रूपमा स्थापित गर्दै यस प्रतियोगिताले युवालाई सिर्जनात्मक र सकारात्मक गतिविधितर्फ प्रेरित गर्ने विश्वास गरिएको छ ।यो प्रतियोगिता केवल खेलाडीहरूका लागि मात्र नभई स्थानीय समुदाय, पर्यटन उद्योग, होटल तथा आतिथ्य व्यवसाय, यातायात, सञ्चारमाध्यम तथा निजी क्षेत्रका लागि पनि महत्वपूर्ण अवसर बन्नेछ । प्रतियोगिताको अवधिमा हजारौा खेलप्रेमी, विशिष्ट अतिथि, सरकारी प्रतिनिधि, उद्योगी-व्यवसायी, सञ्चारकर्मी तथा खेल पदाधिकारीहरूको सहभागिताले बुटवल तथा लुम्बिनी प्रदेशको आर्थिक गतिविधि, खेल पर्यटन तथा स्थानीय व्यवसायलाई प्रत्यक्ष रूपमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीले यस प्रतियोगितालाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा सञ्चालन गर्ने लक्ष्य लिएको छ । प्रतियोगिताको सफल आयोजनाका लागि नेपाल सरकार, स्थानीय सरकार, नेपाल भलिबल संघ, निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था, उद्योग-व्यवसाय, विकास साझेदार तथा सञ्चारमाध्यमसाग सहकार्य गर्दै दीर्घकालीन खेल साझेदारीको वातावरण निर्माण गरिनेछ।

यस प्रतियोगितामार्फत सहभागी प्रायोजक तथा साझेदार संस्थाहरूले आफ्नो ब्रान्डको व्यापक प्रचार-प्रसार, सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility – CSR) को प्रभावकारी कार्यान्वयन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मिडियामार्फत उच्च दृश्यता (Brand Visibility), डिजिटल पहुाच (Digital Reach) तथा खेलप्रेमी समुदायसाग प्रत्यक्ष सम्बन्ध विस्तार गर्ने महत्वपूर्ण अवसर प्राप्त गर्नेछन् । यसले उनीहरूको संस्थागत प्रतिष्ठा अभिवृद्धि गर्नुका साथै राष्ट्रको खेलकुद विकासमा दीर्घकालीन योगदान पुऱ्याउनेछ।

मदन भण्डारी कप अन्तर्राष्ट्रिय आमन्त्रित रनिङ्ग शिल्ड पुरुष भलिबल प्रतियोगिता-२०८३ केवल एक प्रतियोगिता होइन, यो नेपाल, भारत र अन्य मित्र राष्ट्र विचको खेल मैत्री, युवा सशक्तीकरण, खेल पर्यटन प्रवर्द्धन, सामाजिक सद्भाव तथा नेपालको भलिबल खेललाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्ने साझा अभियान हो । यस ऐतिहासिक यात्रामा सरकारी निकाय, निजी क्षेत्र, विकास साझेदार तथा सम्पूर्ण खेलप्रेमी समुदायको सहकार्य र सहभागिता नै प्रतियोगिताको सफलताको प्रमुख आधार हुनेछ ।

## ४.१ हाम्रो दृष्टिकोण

नेपाललाई खेलकुदमैत्री, स्वस्थ र प्रतिस्पर्धी राष्ट्रका रूपमा स्थापित गर्दै प्रत्येक युवालाई आफ्नो प्रतिभा प्रदर्शन गर्ने समान अवसर उपलब्ध गराउने तथा अन्तर्राष्ट्रिय स्तरमा नेपालको गौरव बढाउने खेलाडी उत्पादन गर्नु ।

## ४.२ हाम्रो ध्येय

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको ध्येय खेलकुदलाई केवल प्रतिस्पर्धाको माध्यममा सीमित नराखी सामाजिक विकास, राष्ट्रिय एकता तथा युवा सशक्तीकरणसाग जोड्नु हो । यस उद्देश्यका लागि संस्थाले निम्न कार्यलाई प्राथमिकता दिएको छ ।

- नेपालभर खेलकुद संस्कृतिको विकास तथा विस्तार ।
- प्रतिभावान खेलाडीको खोज, संरक्षण र प्रवर्द्धन।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिताको आयोजना ।
- खेलकुदमार्फत अनुशासन, नेतृत्व र सामाजिक उत्तरदायित्वको विकास ।
- नेपाललाई अन्तर्राष्ट्रिय खेलकुद समुदायसाग जोड्ने साझेदारीको विस्तार ।
- निजी क्षेत्र, सरकारी निकाय तथा विकास साझेदारसाग सहकार्य गरी खेलकुद क्षेत्रमा दिगो लगानीको वातावरण निर्माण।

## ४.३.कार्यक्रमको उद्देश्यहरू

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल प्रतियोगिताको आयोजना।

- युवा खेलाडीको क्षमता विकास तथा प्रतिस्पर्धात्मक अवसर सिर्जना।
- विद्यालय तथा समुदायस्तरमा खेलकुद प्रवर्द्धन।
- खेल पर्यटन तथा खेल अर्थतन्त्रको विकासमा योगदान।
- महिला तथा पुरुष दुवै वर्गको खेल सहभागिता अभिवृद्धि।
- खेलकुदमार्फत सामाजिक समावेशीकरण, राष्ट्रिय एकता र स्वस्थ जीवनशैलीको प्रवर्द्धन।

## ४.४ अपेक्षित उपलब्धिहरू

- नेपाल ,भारत र मित्र राष्ट्रबीच खेल सहकार्य थप सुदृढ हुनेछ ।
- नेपाली खेलाडीहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि हुनेछ।
- नयाा प्रतिभाशाली खेलाडीहरूको पहिचान हुनेछ।
- भलिबल खेलप्रति युवाको आकर्षण बढ्नेछ।
- बुटवललाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल गन्तव्यका रूपमा प्रवर्द्धन गर्न सहयोग पुग्नेछ।
- स्थानीय व्यवसाय, पर्यटन तथा सेवा क्षेत्रमा आर्थिक गतिविधि वृद्धि हुनेछ।
- प्रायोजक संस्थाहरूले राष्ट्रिय तथा डिजिटल मिडियामार्फत व्यापक ब्रान्ड दृश्यता प्राप्त गर्नेछन्।
- खेलकुद क्षेत्रमा सार्वजनिक-निजी साझेदारी (Public–Private Partnership) को दायरा विस्तार हुनेछ।

# ५. प्रतियोगिताको संरचना

## ५.१ प्रतियोगिताका प्रमुख विशेषताहरू

- नेपाल, भारत र अन्य देशका उत्कृष्ट पुरुष भलिबल टोलीहरूको सहभागिता ।

- समूह चरण (League Stage) तथा नकआउट चरण (Knockout Stage) मा प्रतिस्पर्धा ।
- उत्कृष्ट खेलाडी, उत्कृष्ट स्पाइकर, उत्कृष्ट सेटर, उत्कृष्ट ब्लकर, उत्कृष्ट डिफेन्डर तथा Most Valuable Player -MVP, Best Coach सम्मान ।
- समापन समारोहमा पुरस्कार वितरण तथा सम्मान कार्यक्रम ।
- नेपाली कला संस्कृती झल्किने विभिन्न जाति तथा भेषभूषामा नृत्य तथा मनोरन्जन ।
- देशका विशिष्ट व्यक्तित्व एवम खेलाडिहरुको उपस्थिति हुने ।

## ५.२ सहभागी टोली

प्रतियोगितामा नेपाल, भारत र अन्य राष्ट्रका प्रतिष्ठित पुरुष भलिबल टोलीहरूको सहभागिता रहने अपेक्षा गरिएको छ।

| **क स** | **देश** | **टोली संख्या** |
|---|---|---|
| १ | नेपाल | ४ |
| २ | भारत | २ |
| ३ | अन्य अन्य राष्ट्र | २ |
| | **जम्मा** | **८** |

## ५.३ अनुमानित सहभागिता तथा लक्षित समूह :

| | |
|---|---|
| आयोजना गरिने प्रतियोगिता का खेलाडि | ११२ |
| अफिसियल संख्या | १५० |
| जनप्रतिनिधिहरु | ३०० |
| सर्वसाधारण | २०००० |
| विभिन्न सहयोगि संस्था | २५० |
| अन्य सुभेच्छुक | ५००० |
| प्रत्यक्ष तथा अप्रत्यक्ष सहभागी | १००००० बढी |

# ६ प्रचार-प्रसार र सञ्चार रणनीति

कुनै पनि राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताको सफलतामा प्रभावकारी सञ्चार, व्यापक प्रचार-प्रसार र उच्चस्तरीय मिडिया व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । **मदन भण्डारी कप अन्तर्राष्ट्रिय आमन्त्रित रनिङ्ग शिल्ड पुरुष भलिबल प्रतियोगिता-२०८३** लाई देशव्यापी तथा अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउने उद्देश्यले आधुनिक सञ्चार माध्यम, डिजिटल प्लेटफर्म, समाचार संस्था तथा प्रत्यक्ष प्रसारणलाई एकीकृत गरी व्यापक Media & Communication Strategy लागू गरिनेछ ।

यस रणनीतिले प्रतियोगिताको पहुँच विस्तार गर्नुका साथै सहभागी संस्था तथा प्रायोजकहरूको ब्रान्डलाई लाखौं दर्शकमाझ प्रभावकारी रूपमा प्रस्तुत गर्ने लक्ष्य राखेको छ ।

## ६.१ सञ्चारका प्रमुख उद्देश्य

- प्रतियोगिताको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार-प्रसार गर्ने।
- खेलप्रेमी तथा आम नागरिकमा प्रतियोगिताप्रति उत्साह सिर्जना गर्ने।
- प्रायोजक तथा साझेदार संस्थाको ब्रान्ड दृश्यता (Brand Visibility) अधिकतम बनाउने।

- डिजिटल माध्यमबाट युवा पुस्तासम्म प्रभावकारी पहुँच विस्तार गर्ने।
- प्रतियोगिताका गतिविधिहरू पारदर्शी, समयमै र विश्वसनीय रूपमा सार्वजनिक गर्ने।
- नेपालको खेलकुद तथा पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याउने।

## ६.२. मिडिया साझेदारी

- प्रतियोगिताको प्रभावकारी प्रचारको लागि स्थानीय र राष्ट्रिय मिडिया संग साझेदारी गरिनेछ ।
- मिडिया आउटलेट्स (रेडियो, टेलिभिजन, समाचार पत्र पत्रिका) मा प्रतियोगिता र यसको महत्त्वको बारेमा प्रेस विज्ञप्ति र समाचार पत्रिका प्रकाशित गरिनेछ ।
- मिडिया कवरेज को लागि प्रतिनिधिहरूसाग समन्वय गरेर प्रतियोगिताका महत्त्वपूर्ण कार्यक्रमहरूको प्रत्यक्ष प्रसारण गरिनेछ ।

## ६.३. पोस्टर, ब्यानर र सामाजिक सञ्जाल उपयोग

- प्रतियोगिता र प्रचारका लागि पोस्टर र ब्यानर प्रिन्ट गरिनेछन् र प्रमुख स्थानहरूमा प्रदर्शन गरिनेछ ।
- सामाजिक सञ्जाल का प्रमुख प्लेटफर्महरूमा, जस्तै प्रतियोगिताको आधिकारिक Facebook Page सञ्चालन, Countdown Campaign ,खेलाडी तथा टोली परिचय श्रृङ्खला,दैनिक Highlights Video ,Live Score Updates,Behind the Scenes सामग्री,Sponsor Promotion Posts ,प्रतियोगिता सम्बन्धी Short Videos-Reels & Shorts,Fan Engagement Campaign अन्य प्रचार भिडियोहरू अपलोड गरिनेछन् ।
- सम्बन्धित ह्याशट्याग को प्रयोग गरेर प्रतियोगिताको अनलाइन प्रचार विस्तार गरिनेछ ।

## ६.४. सहभागी र दर्शकहरूको सूचना

- प्रतियोगिता प्रारम्भ हुनु अघि सहभागी टोलीहरूलाई सूचना ब्रोशर वा डिजिटल म्यानुअल प्रदान गरिनेछ ।

## ६.५ प्रत्यक्ष प्रसारण

प्रतियोगिताका प्रमुख खेलहरू डिजिटल प्लेटफर्ममार्फत प्रत्यक्ष प्रसारण गर्ने लक्ष्य राखिएको छ। यसबाट देश-विदेशमा रहेका नेपाली तथा अन्तर्राष्ट्रिय दर्शकसम्म प्रतियोगिता पुग्नेछ।

## ६.६ प्रायोजकको ब्रान्ड दृश्यता

**प्रतियोगितामा सहभागी प्रायोजक संस्थाहरूलाई निम्न ब्रान्डिङ अवसर उपलब्ध गराइनेछः**

- प्रतियोगिता स्थलमा
- मुख्य स्टेज ब्याकड्रप
- खेल मैदान वरिपरिका ब्यानर
- LED Display (उपलब्ध भएमा)
- प्रवेशद्वार ब्रान्डिङ
- प्रेस सम्मेलन ब्याकड्रप
- पुरस्कार वितरण मञ्च
- खेल सामग्रीमा
- खेलाडी जर्सी ,रेफ्री जर्सी र स्वयंसेवक टी-सर्ट
- Accreditation Card

## ६.७ सञ्चार गतिविधिको समयरेखा

- प्रतियोगिताको ३० दिन अघि प्रचार अभियान सुरु
- प्रतियोगिताको १५ दिन अघि प्रेस सम्मेलन
- प्रतियोगिताको ७ दिन अघि टोली परिचय, डिजिटल प्रचार
- प्रतियोगिता अवधि दैनिक समाचार, भिडियो, Live Updates
- समापनपछि विजेता घोषणा, धन्यवाद अभियान, Sponsor Recognition

## ६.८ प्रतियोगिताको सञ्चार प्रभाव

यस सञ्चार रणनीतिमार्फत प्रतियोगितालाई नेपालकै प्रमुख अन्तर्राष्ट्रिय भलिबल प्रतियोगिता का रूपमा स्थापित गर्ने लक्ष्य राखिएको छ। प्रभावकारी मिडिया व्यवस्थापनले प्रतियोगिताको विश्वसनीयता, दर्शक सहभागिता र प्रायोजकको प्रतिफल (Return on Investment) बढाउन महत्वपूर्ण भूमिका खेल्नेछ ।

# ७.साझेदारीका लागि आमन्त्रण तथा प्रायोजन अवसर

मदन भण्डारी कप अन्तर्राष्ट्रिय आमन्त्रित रनिङ्ग शिल्ड पुरुष भलिबल प्रतियोगिता-२०८३ केवल एक खेल प्रतियोगिता मात्र होइन, यो युवा सशक्तीकरण, राष्ट्रिय खेलकुद विकास, नेपाल-भारत खेल मैत्री तथा सामाजिक उत्तरदायित्व (ऋक्च) लाई प्रवर्द्धन गर्ने साझा अभियान हो ।यस प्रतियोगितालाई सफल बनाउन सरकारी निकाय, बैंक तथा वित्तीय संस्था, उद्योग-व्यवसाय, बीमा कम्पनी, टेलिकम, विकास साझेदार तथा निजी क्षेत्रसँग रणनीतिक साझेदारीको अपेक्षा गरिएको छ ।

साझेदारीमार्फत प्रायोजक संस्थाले आफ्नो ब्रान्ड प्रवर्द्धन, CSR कार्यान्वयन, व्यापक मिडिया पहुँच तथा राष्ट्रिय प्रतिष्ठा अभिवृद्धि गर्ने अवसर प्राप्त गर्नेछन्।

## ७.१ प्रायोजकको योगदान

- नेपालको राष्ट्रिय खेल भलिबलको विकासमा प्रत्यक्ष योगदान गर्नु ।
- अन्तारष्ट्रिय खेल मैत्री बातावरण सुदृढ गर्ने अभियानमा सहभागी हुनु ।
- हजारौं प्रत्यक्ष दर्शक तथा लाखौं डिजिटल दर्शकमाझ आफ्नो ब्रान्ड पुऱ्याउनु ।
- युवा पुस्तासँग भावनात्मक सम्बन्ध निर्माण गर्नु ।
- संस्थाको Corporate Social Responsibility -CSR_ लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।
- अन्तराष्ट्रिय स्तरको प्रतिष्ठित खेल महोत्सवसँग आफ्नो संस्थाको पहिचान जोड्नु ।
- खेलकुदको माध्यमबाट खेल पर्यटनको विकास गर्ने ।

## ७.२ प्रायोजनका श्रेणी

- Title Sponsor
- Platinum Sponsor
- Gold Sponsor

- Silver Sponsor
- Bronze Sponsor
- Official Partner

## ७.३ प्रत्येक श्रेणीका सुविधा

| क स | श्रेणी | सुविधा |
|---|---|---|
| १ | मुख्य प्रायोजक Title Sponsor | मुख्य प्रायोजक प्रतियोगिताको सबैभन्दा प्रतिष्ठित साझेदार हुनेछ ।<br>**विशेष सुविधाहरू**<br>• प्रतियोगिताको आधिकारिक नामसँग कम्पनीको नाम जोडिने।<br>• सबै आधिकारिक प्रचार सामग्रीमा सबैभन्दा ठूलो लोगो।<br>• मुख्य स्टेज, ब्याकड्रप तथा प्रवेशद्वारमा प्रमुख ब्रान्डिङ।<br>• खेलाडीको जर्सीमा प्रमुख लोगो (सम्झौताअनुसार)।<br>• उद्घाटन तथा समापन समारोहमा विशेष सम्मान।<br>• पत्रकार सम्मेलनमा प्रमुख ब्रान्ड उपस्थिति।<br>• प्रत्यक्ष प्रसारण तथा डिजिटल सामग्रीमा लोगो प्रदर्शन।<br>• VIP Hospitality Package।<br>• प्रदर्शनी (Exhibition Stall) राख्ने अवसर।<br>• सम्झौताअनुसार विशेष ब्रान्डिङ अधिकार। |
| २ | Platinum Sponsor | • दोस्रो प्राथमिकतामा लोगो।<br>• खेल मैदान वरिपरि ब्रान्डिङ।<br>• Social Media Promotion.<br>• Press Conference Logo.<br>• VIP Pass.<br>• Digital Appreciation Campaign.<br>• Gold Sponsor<br>• Official Banner Branding.<br>• Social Media Mention.<br>• Official Website Logo।<br>• उद्घोषणामा कम्पनीको नाम।<br>• प्रमाणपत्र तथा धन्यवाद सम्मान। |
| ३ | Silver Sponsor | • Venue Banner.<br>• Social Media Acknowledgement.<br>• Sponsor Appreciation Certificate |
| ४ | Bronze Sponsor | • साझा ब्यानरमा लोगो।<br>• Social Media धन्यवाद पोस्ट।<br>• सहभागिता प्रमाणपत्र |

## ७.४ प्रायोजकको लगानीको प्रतिफल

यस प्रतियोगितामा प्रायोजन गर्ने संस्थाले निम्न प्रतिफल प्राप्त गर्ने अपेक्षा गरिएको छः

- राष्ट्रिय स्तरमा उच्च ब्रान्ड दृश्यता ।
- प्रत्यक्ष तथा डिजिटल दर्शकमाझ ब्रान्डको पहुँच ।
- सञ्चारमाध्यममा सकारात्मक प्रचार-प्रसार ।
- खेलकुद विकाससँग जोडिएको संस्थागत छवि ।
- CSR कार्यक्रमको प्रभावकारी कार्यान्वयन ।
- नयाँ ग्राहक तथा साझेदारसँग सम्बन्ध विस्तार गर्ने अवसर ।
- दीर्घकालीन ब्रान्ड विश्वास (Brand Trust) निर्माण ।

## ७.५ साझेदारी र प्रतिवद्धता

मदन भण्डारी स्पोर्ट्स एकेडेमी सबै प्रायोजकसँग पारदर्शी, उत्तरदायी र व्यावसायिक सम्बन्ध कायम गर्न प्रतिबद्ध छ ।

- सम्झौताअनुसार सबै ब्रान्डिङ सुविधा उपलब्ध गराउने।
- वित्तीय तथा कार्यक्रमसम्बन्धी पारदर्शिता कायम गर्ने।
- प्रतियोगिता सम्पन्न भएपछि आवश्यक प्रतिवेदन उपलब्ध गराउने।
- दीर्घकालीन साझेदारीलाई प्राथमिकता दिने।

## ७.६ सहकार्यका लागि हार्दिक अनुरोध

हामी सम्पूर्ण सरकारी निकाय, बैंक तथा वित्तीय संस्था, उद्योग-व्यवसाय, बीमा कम्पनी, टेलिकम, विकास साझेदार तथा निजी क्षेत्रलाई मदन भण्डारी कप अन्तर्राष्ट्रिय आमन्त्रित रनिङ्ग शिल्ड पुरुष भलिबल प्रतियोगिता-२०८३ को सफल आयोजनामा सम्मानित साझेदार बन्न हार्दिक आमन्त्रण गर्दछौँ।
तपाईंको सहयोग केवल एक प्रतियोगिताको सफल आयोजनामा सीमित रहने छैन; यसले नेपाली खेलकुदको भविष्य, युवा प्रतिभाको विकास तथा नेपाल-भारत खेल मैत्रीलाई सुदृढ बनाउन दीर्घकालीन योगदान

## ८.मुख्य पुरस्कारहरूः

- ट्रफि
- प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने खेलाडीहरूलाई स्वर्ण, रजत र कांस्य पदक प्रदान गरिनेछ ।
- विभिन्न विधागत ७ वटा र Man of the Match को १६ वटा पुरस्कार वितरण हुनेछ ।
- नगद पुरस्कार
- प्रमाणपत्र
- सबै सहभागी खेलाडीहरूलाई सहभागिता प्रमाणपत्र
- विजेता खेलाडीहरूलाई पदकसहित विजेता प्रमाणपत्र
- विभिन्न प्रायोजकलाई गिफ्ट ह्याम्पर

## ९.कार्यक्रमको विस्तृत बजेट (Detailed Budget Estimate)

### क. पुरस्कार तथा सम्मान

| क्र.सं. | विवरण | परिमाण | दर (रु.) | रकम (रु.) |
|---|---|---|---|---|
| १ | प्रथम पुरस्कार | १ | ७००,००० | ७००,००० |
| २ | द्वितीय पुरस्कार | १ | ३५०,००० | ३५०,००० |
| ३ | तृतीय पुरस्कार | १ | १७५,००० | १७५,००० |
| ४ | सान्त्वना पुरस्कार | १ | ७५,००० | ७५,००० |
| ५ | उत्कृष्ट खेलाडी (Best Player) | १ | १५,००० | १५,००० |
| ६ | उत्कृष्ट स्पाइकर | १ | ८,००० | ८,००० |
| ७ | उत्कृष्ट सेटर | १ | ८,००० | ८,००० |
| ८ | उत्कृष्ट सर्भर | १ | ८,००० | ८,००० |
| ९ | उत्कृष्ट प्रशिक्षक | १ | ८,००० | ८,००० |
| १० | उत्कृष्ट ब्लकर | १ | ८,००० | ८,००० |
| ११ | उत्कृष्ट डिफेन्डर | १ | ८,००० | ८,००० |
| १२ | प्लेयर अफ द म्याच (१६ खेल) | १६ | ५००० | ८०००० |
| १३ | प्रमाणपत्र | १५० | २०० | ३०,००० |
| १४ | मेडल | ४२ | ६५० | २७,३०० |
| १५ | ट्रफी (सेट) | १ | २५०,००० | २५०,००० |
| | जम्मा | | | १,७५०,३०० |

### ख. खेलाडी तथा अफिसियल व्यवस्थापन

| क्र.सं. | विवरण | परिमाण | दर (रु.) | रकम (रु.) |
|---|---|---|---|---|
| १ | खेलाडी, आयोजक तथा अफिसियल परिचयपत्र | ५०० | २५० | १२५,००० |
| २ | अफिसियल तथा अतिथि पोशाक | ६० | ४,००० | २४०,००० |
| ३ | खेलाडी पोशाक | ११२ | १,२०० | १,३४,४०० |
| ४ | आयोजक तथा स्वयंसेवक पोशाक | ४०० | १,२०० | ४८०,००० |
| ५ | अफिसियल भत्ता | १६० | ३,५०० | ५६०,००० |
| ६ | अफिसियल यातायात | २५ | ४,००० | १००,००० |
| ७ | मायाको चिनो तथा सम्मान | २५० | ८५० | २१२,५०० |
| ८ | खेलाडी आवास तथा भोजन | १,०२४ | ३,००० | ३,०७२,००० |
| ९ | अफिसियल तथा आयोजक आवास | ३५० | २,००० | ७००,००० |
| | जम्मा | | | ५,६२३,९०० |

### ग. यातायात खर्च

| क्र स | विवरण | परिमाण | दर (रु.) | रकम (रु.) |
|---|---|---|---|---|
| १ | भारतीय सहित विदेशी टिम ४ | ४ | १५०,००० | ६००,००० |

| | | | | |
|---|---|---|---|---|
| २ | नेपाली टोली (४ टोली) | ४ | ६०,००० | २४०,००० |
| ३ | सवारी साधन | २० दिन | ८,००० | १६०,००० |
| | जम्मा | | | १०,००,००० |

## घ. कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

| क स | विवरण | परिमाण | दर (रु.) | रकम (रु.) |
|---|---|---|---|---|
| १ | प्रतियोगिता सञ्चालन अवधि, उद्घाटन तथा समापन समारोह | ६ | १००,००० | ६००,००० |
| २ | मञ्च तथा प्याराफिट निर्माण | ७ | १२५,००० | ८७५,००० |
| ३ | स्टेशनरी तथा मसला | - | - | ७५,००० |
| ४ | सुरक्षा व्यवस्थापन | २०० | १,५०० | ३००,००० |
| ५ | पानी | ५०० | २०० | १००,००० |
| ६ | मेडिकल खर्च | - | - | १५०,००० |
| ७ | खेलाडी तथा अफिसियल बीमा | - | - | ३००,००० |
| ८ | कलाकार तथा सांगेतिक | | | ३६०,००० |
| | जम्मा | | | २,७६०,००० |

## ङ प्रचार-प्रसार तथा सञ्चार

| क स | विवरण | परिमाण | दर (रु.) | रकम (रु.) |
|---|---|---|---|---|
| १ | प्रचार-प्रसार तथा पत्रकार सम्मेलन | - | - | २७५,००० |
| २ | होर्डिङ बोर्ड, गेट तथा प्रिन्टिङ | - | - | ६५०,००० |
| ३ | टेलिभिजन प्रसारण तथा भिडियो | - | - | ४५०,००० |
| | जम्मा | | | १,३७५,००० |

## च. अन्य सञ्चालन खर्च

| क स | विवरण | परिमाण | दर (रु.) | रकम (रु.) |
|---|---|---|---|---|
| १ | स्वयंसेवक परिचालन | २०० | १,५०० | ३००,००० |
| २ | अतिथि सत्कार | - | - | २७५,००० |
| ३ | विविध खर्च | - | - | २२५,००० |
| ४ | खेल सामग्री ढुवानि सहित | - | - | ३७५,००० |
| ५ | खेल मैदान व्यवस्थापन | - | - | २५०,००० |
| | जम्मा | | | १,४२५,००० |

# ९.१ बजेट सारांश

| **क्र.सं.** | **बजेट शीर्षक** | **रकम (रु.)** | **प्रतिशत** |
|---|---|---|---|
| १ | पुरस्कार तथा सम्मान | ३,१६१,००० | २६.२४% |
| २ | खेलाडी तथा अफिसियल व्यवस्थापन | ४,३३९,१०० | ३६.०२% |
| ३ | यातायात खर्च | ९१०,००० | ७.५५% |

| | | | |
|---|---|---|---|
| ४ | कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | २,३६०,००० | १९.५९% |
| ५ | प्रचार-प्रसार तथा सञ्चार | १,३७५,००० | ११.४१% |
| ६ | अन्य सञ्चालन खर्च | १,२७५,००० | १०.५८% |
| | कुल अनुमानित बजेट | १२,०४७,१०० | १००% |

| क्र स | स्रोत |
|---|---|
| १ | राष्ट्रिय खेलकुद परिषद |
| २ | प्रदेश खेलकुद परिषद् |
| ३ | स्थानीय सरकार |
| ४ | कर्पोरेट प्रायोजक |
| ५ | टिकट |
| ६ | बैंक तथा वित्तीय संस्था |
| ७ | मदन भण्डारी स्पोर्ट्स एकेडेमी |
| ८ | अन्य सहयोगदाता |

## १०. जोखिम व्यवस्थापन

कुनै पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताको सफल सञ्चालनका लागि सम्भावित जोखिमहरूको पूर्वपहिचान, न्यूनीकरण तथा प्रभावकारी व्यवस्थापन अत्यन्त आवश्यक हुन्छ । यस प्रतियोगिताको सञ्चालन अवधिभर खेलाडी, प्रशिक्षक, निर्णायक, अतिथि, दर्शक तथा स्वयंसेवकहरूको सुरक्षा र स्वास्थ्यलाई उच्च प्राथमिकता दिँदै निम्नानुसारको जोखिम व्यवस्थापन योजना कार्यान्वयन गरिनेछ।

### १०.१ स्वास्थ्य सेवा तथा आपतकालीन उपचार

- प्रतियोगिता स्थलमा अनुभवी चिकित्सक, स्वास्थ्यकर्मी तथा प्राथमिक उपचार (First Aid) टोली तयारी अवस्थामा रहनेछ ।
- आवश्यक औषधि तथा प्राथमिक उपचार सामग्री उपलब्ध गराइनेछ।
- खेलका क्रममा चोटपटक वा स्वास्थ्यसम्बन्धी आकस्मिक समस्या देखिएमा तत्काल उपचारको व्यवस्था गरिनेछ।

### १०.२ एम्बुलेन्स तथा अस्पताल समन्वय

- प्रतियोगिता अवधिभर पूर्ण सुविधासहितको एम्बुलेन्स प्रतियोगिता स्थलमा तयारी अवस्थामा रहनेछ।
- नजिकका सरकारी तथा निजी अस्पतालहरूसँग समन्वय गरी आकस्मिक उपचार तथा रिफरल सेवाको व्यवस्था गरिनेछ।

### १०.३ सुरक्षा व्यवस्थापन

- नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा आवश्यक निजी सुरक्षा कम्पनीसँग समन्वय गरी सुरक्षा व्यवस्था मिलाइनेछ।

- खेलाडी, अतिथि तथा दर्शकहरूको सुरक्षित प्रवेश-निर्गमनका लागि व्यवस्थित सुरक्षा प्रणाली लागू गरिनेछ।
- VIP अतिथि तथा विशिष्ट व्यक्तिहरूका लागि विशेष सुरक्षा व्यवस्था गरिनेछ।
- प्रतियोगिता स्थलमा CCTV निगरानी तथा प्रवेश नियन्त्रण प्रणाली प्रयोग गरिनेछ ( उपलब्धताअनुसार)।

## १०.४ बीमा व्यवस्था

- प्रतियोगितामा सहभागी खेलाडी, निर्णायक तथा आवश्यक प्राविधिक जनशक्तिका लागि दुर्घटना बीमाको व्यवस्था गरिनेछ।
- कार्यक्रम सञ्चालनका क्रममा हुने सम्भावित दुर्घटना तथा क्षतिबाट हुने जोखिम न्यूनीकरणका लागि आवश्यक बीमा सुरक्षा अपनाइनेछ।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीले प्रतियोगिताको सम्पूर्ण सञ्चालन प्रक्रियामा सहभागी सबै पक्षको सुरक्षा, स्वास्थ्य, पारदर्शिता तथा उत्तरदायित्वलाई उच्च प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गर्दछ । सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम तथा प्रभावकारी व्यवस्थापनमार्फत प्रतियोगितालाई सुरक्षित, व्यवस्थित तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूप सम्पन्न गरिनेछ ।

# ११ समय रेखा

| क स | चरण | मिति | कार्य विवरण | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | चरण १ | २०८३/०४/१० देखि ०४/३० | बैठक ,कार्यक्रम स्वीकृति,योजना निर्माण तथा जिम्मेवारी प्रदान | मूल समिति |
| २ | चरण २ | २०८३/०४/३० देखि ०६/०१ | बजेट, प्रायोजन र टिम सम्पर्क तथा पत्राचार | आर्थिक समिति तथा सचिवालय |
| ३ | चरण ३ | २०८३/०४/५ देखि ०६/१० | प्रचारप्रसार तथा प्राविधिक तयारी | संचार तथा प्राविधिक समिति |
| ४ | चरण ४ | २०८३/०५/०१ देखि ०६/१० | पूर्वाधार र व्यवस्थापन तयारी | व्यवस्थापन समिति |
| ५ | चरण ५ | २०८३/०६/१२ देखि ०६/१७ | प्रतियोगिता सञ्चालन | मुल समिति तथा प्राविधिक समिति |
| ६ | चरण ६ | २०८३/०६/१७ | समापन तथा पुरस्कार वितरण | मूल समिति तथा व्यवस्थापन समिति |
| ७ | चरण ७ | २०८३/०६/१८ देखि ०७/२० | हिसाब, बिल-भर्पाइ संकलन बैठक तथा पेश्की फछ्र्यौट | आर्थिक समिति तथा सचिवालय |
| ८ | चरण ८ | २०८३/०७/२० देखि ०८/०१ | अन्तिम प्रतिवेदन र योजना फरफारक | सचिवालय |

## १२.मदन भण्डारी स्पोर्टस् एकेडेमीले सम्पन्न गरेका विभिन्न खेल प्रतियोगिताहरुः

| क्रस | खेल विधा | प्रतियोगिता तथा गतिविधि | संख्या | स्थान |
|---|---|---|---|---|
| १ | क्रिकेट | • के पि ओली कप टि २० राष्ट्रिय क्रिकेट प्रतियोगिता<br>• ट्यालेण्ट हन्ट U -14, U-16, U-18 -प्रतियोगिता सहित)<br>• जिल्ला स्तरिय प्रतियोगिता | २<br>८<br>२ | • पोखरा<br>• विराटनगर<br>• जनकपुर, भैरहवा<br>• भैरहवा |
| २ | भलिबल | • मदन भण्डारी गोल्ड कप इन्डो नेपाल पुरुष रनिङ्ग शिल्ड भलिबल च्याम्पियनसिप<br>• खुल्ला कलेज स्तरिय<br>• अन्तर मावि प्रदेश स्तरीय भलिबल (छात्र छात्रा)<br>• U19 राष्ट्रिय छात्र भलिवल प्रतियोगित<br>• U19 बागमति प्रदेश छात्रा भलिवल प्रतियोगित | १<br>१<br>२<br>१<br>१ | • बुटवल<br>•<br>• काठमाण्डौ<br>• बुटवल<br>• बुटवल<br>• काठमाण्डौ |
| ३ | हक्की | • मदन भण्डारी कप महिला राष्ट्रिय हक्की प्रतियोगिता | १ | • धनुषा |
| ४ | रेस्लीङ | • मदन भण्डारी कप रेस्लीङ राष्ट्रिय प्रतियोगिता | २ | • झापा<br>• सुर्खेत |
| ५ | बास्केटबल | • मदन भण्डारी कप महिला पुरुष राष्ट्रिय लिग<br>• मदन भण्डारी कप छात्र छात्रा अन्तर कलेज<br>• राष्ट्रिय U-23 | १<br>१ | • काठमाण्डौ<br>• काठमाण्डौ |
| ६ | फुल कन्ट्रयाक (करांते) | • ड्ड मदन भण्डारी कप महिला पुरुष राष्ट्रिय | ३ | • काठमाण्डौ<br>• भक्तपुर |
| ७ | करांते | • मदन भण्डारी कप महिला पुरुष राष्ट्रिय | १ | • झापा |
| ८ | हाफ म्याराथन तथा रोड रेस | • मदन भण्डारी कप खुला महिला पुरुष<br>• मदन भण्डारी कप राष्ट्रिय छात्र छात्रा तथा खुल्ला | १<br>३ | • लुम्विनी<br>• बुटवल<br>• काठमाण्डौ<br>• सुर्खेत |
| ९ | टेवल टेनिस | • मदन भण्डारी कप जुनियर राष्ट्रिय छात्र छात्रा टेबल टेनिस प्रतियोगिता | २ | • काठमाण्डौ |

| | | | | |
|---|---|---|---|---|
| १० | तेक्वान्डो | • मदन भण्डारी कप खुल्ला बागमति प्रदेश स्तरिय महिला तथा पुरुष तेक्वाडो प्रतियोगिता | ३ | • काठमाण्डौ |
| ११ | फुटसल | • मदन भण्डारी कप खुला राष्ट्रिय फुटसल प्रतियोगिता<br>• मदन भण्डारी कप खुला कलेज स्तरिय फुटसल प्रतियोगिता | १<br>१ | • काठमाण्डौ<br>• काठमाण्डौ |
| १२ | चेस | • मदन भण्डारी कप लुम्विनी प्रदेश छात्र छात्रा विद्यालय स्तरीय चेस प्रतियोगिता | १ | • बुटवल |
| १३ | प्रशिक्षण | विभिन्न खेल विधाका प्रशिक्षक ,खेलाडि एवम अफिसियल | ५ | काठमाण्डौ |
| १४ | राष्ट्रिय भेला | • विभिन्न खेल विधाका राष्ट्रिय खेलाडी, प्रशिक्षक एवंम व्यवस्थापक | १ | • लुम्विनी |
| १५ | सम्मान तथा प्रोत्सान | • राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा योगदान दिनुभएका खेलाडि तथा अफिसियललाई सम्मान तथा प्रोत्सान | ३ | • देश भर |

## १३. निष्कर्ष (Conclusion)

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा सञ्चालन हुने प्रथम अन्तर्राष्ट्रिय आमन्त्रण पुरुष भलिबल प्रतियोगिता नेपाली भलिबल खेलको विकास, युवा प्रतिभाको पहिचान तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय खेल सम्बन्ध सुदृढ बनाउन महत्त्वपूर्ण अवसर हुनेछ। यस प्रतियोगिताले खेलाडीलाई प्रतिस्पर्धात्मक वातावरण प्रदान गर्नुका साथै खेल संस्कृतिको विकास, सामाजिक सद्भाव, खेल पर्यटन प्रवर्द्धन तथा स्थानीय आर्थिक गतिविधिमा समेत सकारात्मक योगदान पुऱ्याउने विश्वास लिइएको छ । यस प्रतियोगिताको सफल आयोजनाका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, राष्ट्रिय खेलकुद परिषद्, निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था, उद्योग-व्यवसाय, सञ्चारमाध्यम तथा सम्पूर्ण सरोकारवाला निकायहरूको सहयोग, सहकार्य र सहभागिता अपरिहार्य रहेको छ। प्राप्त हुने प्रत्येक आर्थिक तथा प्राविधिक सहयोगलाई प्रचलित कानुन, आर्थिक अनुशासन, पारदर्शिता तथा उत्तरदायित्वका सिद्धान्तअनुसार सदुपयोग गरिने प्रतिबद्धता व्यक्त गर्दछौं।

हामी सम्पूर्ण सहयोगी तथा प्रायोजक संस्थाहरूलाई यस प्रतिष्ठित खेल महोत्सवको साझेदार बन्न हार्दिक अनुरोध गर्दछौं। तपाईंहरूको अमूल्य सहयोगले प्रतियोगितालाई सफल बनाउनुका साथै नेपाली भलिबल खेलको दिगो विकास, युवा खेलाडीहरूको क्षमता अभिवृद्धि तथा राष्ट्रको खेल प्रतिष्ठा उकास्न महत्वपूर्ण योगदान पुग्नेछ भन्ने हाम्रो दृढ विश्वास रहेको छ।

खेलकुद राष्ट्र निर्माणको आधार, सक्षम युवा समृद्ध नेपालको आधार भन्ने मूल भावनाका साथ यस राष्ट्रिय गौरवको प्रतियोगितालाई सफल बनाउन यहाँहरूको सहयोग र सहकार्यको हार्दिक अपेक्षा गर्दछौं।

यहांहरुको साथ सहयोगको अपेक्षा सहित धन्यबाद ।

**अध्यक्ष**
**ध्रुव आचार्य**
**मदन भण्डारी स्पोर्टस एकेडेमी**

टिपोट :


"Sports For All"
MADAN BHANDARI GOLD CUP
INDO NEPAL
RUNNING SHIELD MEN'S VOLLEYBALL CHAMPIONSHIP-2081
Poush 17 to 24, Butwal
MADAN BHANDARI GOLD CUP
INDO NEPAL
RUNNING SHIELD MEN'S VOLLEYBALL CHAMPIONSHIP-2081
Poush 17 to 24, Butwal


"Sports For All"
AN BHANDARI GO
INDO NEPAL
D MEN'S VOLLEYBALL CHA
Poush 17 to 24, Butwal




MADAN BHANDARI
SPORTS ACADEMY




"Sports For A
MADAN BHANDAR
INDO N
RUNNING SHIELD MEN'S VOLLEYB


INDO NEPAL
D MEN'S VOLLEYBALL CHAMPIONSHIP-2081




INDO N
RUNNING SHIELD MEN'S VOLLEY


MADAN BHANDARI
SPORTS ACADEMY


MADAN BHANDARI GOLD CUP




MBSA






XTEP




"Sports For All"
MADAN BHANDARI GOLD CUP
INDO NEPAL
RUNNING SHIELD MEN'S VOLLEYBALL CHAMPIONSHIP-2081
स्थापना दिवस
GOLD CUP


Mahindra
NVA

2010

# MADAN BHANDARI SPORTS ACADEMY

## INTERNATIONAL INVITATION RUNNING SHIELD MEN'S VOLLEYBALL CHAMPIONSHIP

## MADAN BHANDARI CUP

## 2083

